पोखरा विश्वविद्यालय
POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.

मितिः २०८३/०६/१९ गते

अध्ययन बिदा उपभोग गरेका शिक्षक तथा कर्मचारीले आवश्यक कागजात पेश गर्नेसम्बन्धी सूचना !!!

पोखरा विश्वविद्यालय कार्यकारी परिषद्को मिति **२०८३/०६/१६ गतेको निर्णयअनुसार** विश्वविद्यालयबाट अध्ययन बिदा स्वीकृत गराई अध्ययन बिदा उपभोग गरी विश्वविद्यालयमा हाजिर भएको लामो समयसम्म पनि अध्ययन पूरा गरेको प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरू पेश नगरेको पाइएकाले यसलाई व्यवस्थित गर्नुपर्ने देखिएको हुँदा अध्ययन बिदा उपभोग गरेका शिक्षक तथा कर्मचारीहरूले देहायमा उल्लेख भएका तह पूरा गरेको प्रमाणपत्र**,** प्रतिवेदन लगायत अन्य कागजात यो सूचना प्रकाशित भएको मितिले **४५ दिनभित्र** अनिवार्य रूपमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

१. अध्ययन पूरा गरी विश्वविद्यालयमा हाजिर भएका सबै शिक्षक तथा कर्मचारीहरूले अध्ययन पूरा गरेको तहको प्रमाणपत्र तथा सोसँग सम्बन्धित अन्य कागजातहरू ।

२. विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थामा अध्ययन गरेको भए तह पूरा गरेको प्रमाणपत्र र सोको समकक्षता प्रमाणपत्र ।

३. अध्ययन बिदा उपभोग गरी विश्वविद्यालयमा हाजिर भएको तर तह पूरा गरेको प्रमाणपत्र प्राप्त गरिनसकेका शिक्षक तथा कर्मचारीहरूले अध्ययनको प्रगति प्रतिवेदन ।

तोकिएको **४५ दिनको अवधिभित्र** माथि उल्लिखित कागजातहरू पेश नगर्ने शिक्षक तथा कर्मचारीको हकमा प्रचलित नियम, विनियम तथा विश्वविद्यालयबाट भएका निर्णयबमोजिम आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

पोखरा विश्वविद्यालय
पोखरा–३०, कास्की ।